मिति २०८२ साल मंसीर ८ गते कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष सूर्यनाथ योगी ज्यूको अध्यक्षतामा विषयगत मन्त्रालयका योजना महाशाखा प्रमुख र कर्णाली प्रदेश आयोजना वैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) का सम्पर्क व्यक्तिहरुसंग कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धी कार्यविधि (संशोधन सहित),२०८१ र आयोजना वैंक कार्यसञ्चालन तथा व्यबस्थापन मापदण्ड (संशोधन सहित), २०८१ को अभिमूखिकरण कार्यक्रमको निर्णयः

**निर्णय नं १**

- प्रणाली संचालन तथा व्यवस्थापनका लागि सम्पर्क व्यक्ति तोक्ने (मंसीर १५ भित्रः चालु आ. व. को लागि मात्र), आयोजना प्रस्ताव दर्ताका लागि सूचना प्रकाशन गर्ने (मंसीर ९ भित्रः आयोगबाट मंसीर ५ मा सूचना प्रकाशन),
- आयोजना बैंकमा रहेका अद्यावधिक आयोजनाको सूचि प्रकाशन गर्ने (मंसीर १० भित्रः चालु आ. व. को लागि मात्र),
- अनुसूचि २ को ढाँचामा आयोजना प्रस्ताव दर्ता गर्ने (श्रावण १ देखि मंसीर मसान्तसम्म),
- आयोजना प्रस्ताव दर्ताको अभिलेख अनुसूचि ३ बमोजिम राख्ने (श्रावण १ देखि मंसीर मसान्तसम्म),
- दर्ता भएका आयोजना प्रस्तावहरूको आवश्यकता अनुसार Field Visit गरी प्रारम्भिक परीक्षण (Initial Screening) गर्ने/गराउने (पुस १ देखि माघ १५ सम्म),
- प्रकृया र मापदण्ड पुरा भएको अवस्थामा कुनैपनि स्थानीय तह नछुट्ने गरी उपयुक्त ठहरिएका आयोजनालाई छनोट समिति समक्ष पेश गर्ने (पुस १ देखि माघ १५ सम्म),
- जिल्लास्तरीय आयोजना छनोट तथा सिफारिस समितिको सचिवालयको कार्य/बैठक सञ्चालन गर्ने (माघ १५ देखि फागुन १५ सम्म),
- सिफारिस समितिबाट विगत ३ आ व को औषत बजेट रकम वा आयोजना संख्याको बढीमा ३ गुणासम्म निर्णय भएका आयोजनाहरूअनुसूचि ४ बमोजिम KPPBMIS मा प्रविष्टी गर्ने (फागुन १६ देखि फागुन मसान्तसम्म),
- KPPBMIS मा प्रविष्ट भएका आयोजनाहरूको विवरण अनुसूचि ५ बमोजिम मन्त्रालयमा पठाउने (फागुन मसान्तसम्म),
- तहगत सरकार, सरोकारवाला बीच आवश्यकता अनुसार समन्वय र प्रचारप्रसार गर्ने,

**निर्णय नं २**

| क्र. सं. | कार्यक्रम/जिम्मेवारी | नेतृत्व | जिम्मेवार शाखा/कर्मचारी | समयसीमा | वित्तीय जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | KPPBMIS (कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली) अपडेट कार्य | माननीय उपाध्यक्ष सूर्यनाथ योगी | नीति योजना तथा प्रशासन शाखा र सूचना तथा तथ्याङ्क शाखा | मंसीर १५ देखि | KPPC |
| २ | कार्यविधि र माप्दण्ड कार्यान्वयन अभिमुखिकरण (मन्त्रालयगत) | माननीय उपाध्यक्ष सूर्यनाथ योगी | अनुगमन तथा मूल्याङ्कन शाखा | २०८२ मंसीर ८ गते (बिहान ८ बजे) | KPPC |